निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./ Ref:

मितिः २०८२/०७/३०
ने. सं.: ११४६ कछलागा १२ आइतबार

## प्रेस विज्ञप्ति

### (प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को निर्वाचन कार्यक्रम प्रकाशन गरिएको)

संवत् २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम आयोगको वेबसाइट www.election.gov.np मा र नेपाल राजपत्रमा प्रकाशन गर्ने गरी आयोगको मिति २०८२ कार्तिक ३० गतेको बैठकबाट निर्णय भएको छ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम अनुसार मिति २०८२ माघ ६ गते बिहान १०:०० बजेदेखि बेलुका ५:०० बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयन पत्र दर्ता हुनेछ भने सोही दिन बेलुका ५:०० बजेदेखि ७:०० बजेसम्ममा उम्मेदवारको सूची प्रकाशन हुनेछ। मनोनयन पत्र दर्ता भएका उम्मेदवारको विरोधमा उजुरी दिने अवधि माघ ७ गते बिहान १०:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म हुनेछ भने सोही दिनको दिउँसो ३:०० बजेदेखि माघ ८ गते बेलुका ५:०० बजेसम्ममा मनोनयन पत्र र उजुरी उपर जाँचबुझ एवम् निर्णय गरी माघ ८ गते बेलुका ५:०० बजेदेखि ७:०० बजेसम्ममा उम्मेदवारको नामावली प्रकाशन गरिनेछ। माघ ९ गते बिहान १०:०० बजेदेखि दिउँसो १:०० बजेसम्म उम्मेदवारको नाम फिर्ता लिन सकिनेछ भने सोही दिन दिउँसो १:०० बजेदेखि ३:०० बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी दिउँसो ४:०० बजेदेखि साँझ ७:०० बजेसम्ममा उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिने छ।

यसैगरी समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम मिति २०८२/०८/२० गतेदेखि सञ्चालन हुनेछ। सो कार्यक्रम अनुसार मंसिर २१ गते बिहान १०:०० बजेदेखि ऐ. २३ गते दिउँसो ४:०० बजेसम्म समानुपातिक निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूले निवेदन पेश गर्ने, मंसिर २४ गते बिहान १०:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म निवेदन पेश गरेका राजनीतिक दलहरूको नामावली प्रकाशन गर्ने, पौष १३ र १४ गते बिहान १०:०० बजेदेखि ४:०० बजेसम्म राजनीतिक दलहरूले उम्मेदवारको बन्दसूची पेश गर्ने र माघ २० गते बिहान १०:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म उम्मेदवारको बन्दसूची अन्तिम रूपमा प्रकाशन गर्ने कार्यक्रम रहेको छ।

स्वीकृत निर्वाचन कार्यक्रम अनुसार फागुन २१ गते बिहान ७:०० बजेदेखि बेलुका ५:०० बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुनेछ।

(नारायण प्रसाद भट्टराई)
सहसचिव एवम् प्रवक्ता

"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्रको गौरव"
"Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३। फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

समानुपातिक निर्वाचन प्रणाली

निर्वाचन कार्यक्रम

| क.स. | क्रियाकलाप | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १ | समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूले निवेदन पेश गर्ने सम्बन्धमा सूचना प्रकाशन गर्ने | २०८२/०८/२० | | | | निर्वाचन अधिकृतको कार्यालय |
| २ | समानुपातिक निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूले निवेदन पेश गर्ने | २०८२/०८/२१ | २०८२/०८/२३ | १०.०० | १६.०० | ऐ.ऐ. |
| ३ | समानुपातिक निर्वाचनमा भाग लिन निवेदन पेश गरेका राजनीतिक दलहरूको नामावली प्रकाशन गर्ने | २०८२/०८/२४ | | १०.०० | १६.०० | ऐ.ऐ. |
| ४ | प्रकाशित सूचीमा नाम रहेका राजनीतिक दलहरूले आफ्नो नाम फिर्ता लिन चाहेमा फिर्ता लिने | २०८२/०८/२५ | | १०.०० | १६.०० | ऐ.ऐ. |
| ५ | समानुपातिक निर्वाचनमा भाग लिने राजनीतिक दलहरूको अन्तिम नामावली प्रकाशन गर्ने र निर्वाचन चिन्ह प्रदान गर्ने | २०८२/०८/२६ | | १०.०० | १६.०० | ऐ.ऐ. |
| ६ | राजनीतिक दलहरूलाई बन्दसूची पेश गर्नका लागि तयारी समय | २०८२/०८/२७ | २०८२/०९/१२ | | | |
| ७ | राजनीतिक दलहरूले उम्मेदवारको बन्दसूची पेश गर्ने | २०८२/०९/१३ | २०८२/०९/१४ | १०.०० | १६.०० | ऐ.ऐ. |
| ८ | उम्मेदवारको बन्दसूची छानविन गरी आवश्यकता अनुसार सच्याउन दलहरूलाई सूचित गर्ने | २०८२/०९/१५ | २०८२/०९/२० | १०.०० | १६.०० | ऐ.ऐ. |
| ९ | राजनीतिक दलहरूले उम्मेदवारको बन्दसूची संशोधन गरी पेश गर्ने | २०८२/०९/२१ | २०८२/०९/२७ | १०.०० | १६.०० | ऐ.ऐ. |
| १० | उम्मेदवारको बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको बन्दसूचीबाट फिर्ता लिन चाहेमा निवेदन दिने | २०८२/०९/२८ | | १०.०० | १६.०० | ऐ.ऐ. |
| ११ | उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारले नाम फिर्ता लिएको जानकारी सम्बन्धित राजनीतिक दललाई दिने । | २०८२/०९/२९ | | १०.०० | १६.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | उम्मेदवारले नाम फिर्ता लिएको कारण रिक्त हुन आएको स्थानमा सोही समूहको अर्को उम्मेदवारको मनोनयन गरी मनोनित उम्मेदवारको नामावली सम्बन्धित राजनीतिक दलले आयोगमा पेश गर्ने | २०८२/०९/३० | २०८२/१०/०२ | १०.०० | १६.०० | ऐ.ऐ. |
| १३ | उम्मेदवारको बन्दसूचीको नामावली प्रकाशन गर्ने | २०८२/१०/०४ | | १०.०० | १६.०० | ऐ.ऐ. |
| १४ | उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको उम्मेदवारको योग्यता सम्बन्धमा दावी विरोध गर्न निवेदन दिने | २०८२/१०/०५ | २०८२/१०/१० | १०.०० | १६.०० | ऐ.ऐ. |
| १५ | उम्मेदवारको बन्दसूचीमा समावेश उम्मेदवारको योग्यता सम्बन्धी दावी विरोधको निवेदन उपर जाँचबुझ र निर्णय गर्ने | २०८२/१०/११ | २०८२/१०/१७ | १०.०० | १७.०० | ऐ.ऐ. |
| १६ | उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन गर्ने | २०८२/१०/१९ | | १०.०० | १७.०० | ऐ.ऐ. |
| १७ | उम्मेदवारको बन्दसूची अन्तिम रूपमा प्रकाशन गर्ने | २०८२/१०/२० | | १०.०० | १७.०० | ऐ.ऐ. |
| १८ | मतदान | २०८२/११/२१ | | ७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र |

<u>द्रष्टव्य</u>

- समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा भाग लिन निवेदन पेश गर्ने राजनीतिक दलले उम्मेदवारको बन्दसूची अनिवार्य रूपमा निर्वाचन कार्यक्रममा तोकिएको मिति भित्र निर्वाचन अधिकृतको कार्यालय, बहादुर भवन, कान्तिपथमा पेश गर्नु पर्नेछ।
- राजनीतिक दलले उम्मेदवारको बन्दसूची पेश गर्दा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ बमोजिम तयार गरी पेश गर्नु पर्नेछ।
- प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १४ बमोजिम समानुपातिक निर्वाचन प्रणालीतर्फ एउटै व्यक्तिको नाम एकभन्दा बढी दलको बन्दसूचीमा राख्न पाइने छैन। प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को समानुपातिकको बन्दसूचीमा समावेश भएको व्यक्तिको नाम प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि बन्दसूचीमा समावेश गर्न पाइने छैन।
- समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति प्रतिनिधि सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको उम्मेदवार हुन पाइने छैन।
- निर्वाचन कार्यक्रमको क.सं. ७ बमोजिम उम्मेदवारको बन्दसूची पेश गर्ने राजनीतिक दललाई बन्दसूची दर्ता भएको निस्सा उपलब्ध गराईनेछ। त्यस्तो निस्सा उपलब्ध गराउँदा बन्दसूची सच्याउन पर्ने वा नपर्ने बारे यकीन गर्न सम्पर्क राख्न आउने मिति समेत उल्लेख गरिनेछ। सम्पर्क राख्न आउने मिति तोकिएकोमा सम्बन्धित राजनीतिक दलले उक्त मितिमा अनिवार्य रूपमा सम्पर्क राखी बन्दसूची सच्याउनु पर्ने भएमा सो बारेको पत्र बुझिलिनु पर्नेछ।

निर्वाचन आयोग, नेपाल

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली

निर्वाचन कार्यक्रम

| क.स. | क्रियाकलाप | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०८२/१०/०६ | २०८२/१०/०६ | १०.०० | १७.०० | निर्वाचन अधिकृतको कार्यालय |
| २ | मनोनयन पत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०८२/१०/०६ | | १७.०० | १९.०० | ऐ.ऐ. |
| ३ | उम्मेदवारको विरोधमा उजुरी दिने | २०८२/१०/०७ | | १०.०० | १५.०० | ऐ.ऐ. |
| ४ | मनोनयन पत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०८२/१०/०७ | २०८२/१०/०८ | १५.००<br>मिति २०८२-१०-७ | १७.००<br>मिति २०८२-१०-८ | ऐ.ऐ. |
| ५ | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०८२/१०/०८ | | १७.०० | १९.०० | ऐ.ऐ. |
| ६ | उम्मेदवारको नाम फिर्ता लिने | २०८२/१०/०९ | | १०.०० | १३.०० | ऐ.ऐ. |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०८२/१०/०९ | | १३.०० | १५.०० | ऐ.ऐ. |
| ८ | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | २०८२/१०/०९ | | १६.०० | १९.०० | ऐ.ऐ. |
| ९ | मतदान | २०८२/११/२१ | | ०७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र |

<u>द्रष्टव्य</u>

- प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ र प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति प्रतिनिधि सभा सदस्य निर्वाचन, ऐन २०७४ को दफा ३० को उपदफा (१) तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३० को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम नाम हटेको अवस्थामा बाहेक प्रतिनिधि सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको उम्मेदवार हुन पाउने छैन।
- प्रचार प्रसार निषेध अवधि मतदान सुरू हुने दिनभन्दा ४८ घण्टा भन्दा अगाडि अर्थात् २०८२ फागुन १८ गते राति १२:०० बजेदेखि लागू हुनेछ।
- निर्वाचन क्षेत्रका सबै मतदान केन्द्रमा मतदान सम्पन्न भई मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरी सुरक्षित रूपमा भण्डारण भएपछि निर्वाचन अधिकृतले मतगणना कार्य शुरू गर्नेछ।